Coronavirus CivActs Campaign presents

# FAIR FACTS

CIVIC ACTION TEAMS

**अंक ११३**

२१।०३।२०७८




## गण्डकी प्रदेश स्काउट कार्यालयले सञ्चालन गरेको कोभिड रोकथाम, न्युनिकरण तथा सचेतना अभियान ।

*तस्विर: नारायणी सिग्देल*



वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरूमा खोप लगाएका आप्रवाशी कामदारहरूले मात्र अनुमती पाउँदै ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**खै अब त सरकारले खोप ल्याउला भन्ने आश पनि मरीसक्यो ।**

२०७८ असार २४ गते ३० लाख खोप आपूर्ति भई खोप अभियान सुरु हुनेछ ।

**असावधानीका कारण कसैले पनि आफ्नो प्रिय मान्छे गुमाउनु नपरोस्**

अस्पतालमा, "पल्लो बेडको बिरामी त गयो रे, फलानो को अवस्था जटिल छ रे, फलानाको त अस्पताल नपुग्दै ज्यान गयो रे ।" यस्तै यस्तै खबर मात्र सुनिन्थे ।

**स्वास्थ्य क्षेत्रमा भएको न्युन बजेट बिनियोजनले स्थानीय तहले कोभिड प्रतिकार्यमा गरेको प्रतिवद्धता माथी प्रश्न उठाउँछ**

महानगरहरूले ३.४% देखी ६% बजेट मात्र स्वास्थ्य क्षेत्रमा बिनियोजन गरेका छन् ।

# फ्याक्ट सिट

## स्वास्थ्य क्षेत्रमा भएको न्युन बजेट बिनियोजनले स्थानीय तहले कोभिड प्रतिकार्यमा गरेको प्रतिवद्धता माथी प्रश्न उठाउँछ




**पोखरा महानगरपालिका**

जम्मा बजेट : रु. ६ अर्ब २७ करोड ७० लाख

स्वास्थ्य क्षेत्रको लागि छुट्याएको रकम : रु. २१ करोड ५० लाख (३.४%)

**बीरगञ्ज महानगरपालिका**

जम्मा बजेट : रु. ३ अर्ब ५५ करोड ३० लाख

स्वास्थ्य क्षेत्रको लागि छुट्याएको रकम : रु. २१ करोड ३० लाख (६%)

**बिराटनगर महानगरपालिका**

जम्मा बजेट : रु. ४ अर्ब १० करोड

स्वास्थ्य क्षेत्रको लागि छुट्याएको रकम : रु. १८ करोड १ लाख (४.४%)

पोखरा महानगरपालिका, बीरगञ्ज महानगरपालिका र बिराटनगर महानगरपालिकाले भर्खरै आर्थिक वर्ष २०७८/२०७९ को बजेट सार्वजनिक गरेका छन् । यि महानगरहरुले ३.४% देखी ६% बजेट मात्र स्वास्थ्य क्षेत्रमा बिनियोजन गरेका छन् । अरु महानगरपालिकाले बजेट पारित गरिसके पनि वार्षिक बजेटको पूर्ण विवरण सार्वजनिक गरेका छैनन् । स्थानीय तहले कोभिड प्रतिकार्यको लागि स्वास्थ्य संरचना सुधार गर्न गरेको प्रतिवद्धतालाई कतिको गम्भिर रुपमा लिएका छन् भनेर यि महानगरले गरेका बजेट बिनियोजनलाई उदाहरणको रुपमा लिन सकिन्छ । स्वास्थ्य सेवा र स्वास्थ्य उपकरण खरिदको लागि बिनियोजन गरिएको बजेटका अलावा स्वास्थ्य सचेतना र आर्थिक पुनरुत्थान जस्ता महत्वपूर्ण क्षेत्रको लागि छुट्याइएको बजेट पनि अति न्युन छ ।

# हल्ला र तथ्य

खै
अब त सरकारले खोप
ल्याउला भन्ने आश पनि
मरीसक्यो ।

सरकारले अहिले सम्म कुल ४२ लाख ४८ हजार मात्रा खोप प्राप्त गरेको छ । जस मध्ये २५,७४,७१५ जनालाई पहिलो मात्रा र ७,५३७,३८० जनालाई दोस्रो मात्रा खोप दिईसकिएको छ । चिनको बेईजिङ स्थित सिनोफार्म कम्पनीसँग खरिदको सम्झौता अनुसार २०७८ असार २४ गते ३० लाख खोप आपूर्ति भई खोप अभियान सुरु हुने सरकारले सूचना जारी गरेको छ ।

Source: https://cutt.ly/1ml20Gs

विदेशबाट खोप लगाएर
आएका व्यक्ति क्वारेन्टाईनमा
बस्नु पर्दैन रे ।

विदेशबाट खोप लगाएर आएका व्यक्ति क्वारेन्टाईनमा बस्नु पर्दैन रे । विदेशबाट आउने यात्रुले यदी खोपको दुबै मात्रा लगाएकाछन् र परीक्षण रिपोर्ट पनि नेनेटिभ छ भने होटेल क्वारेन्टाईनमा नबसी सिधै गन्तव्यमा जानसक्ने छन् । उनिहरु अनिवार्य स्व-क्वारेन्टाईनमा भने बस्नुपर्ने छ । उनीहरु स्व-क्वारेन्टाईनमा बसे नबसेको रिपोर्ट सम्बन्धित स्थानीय तहले अनुगमन गरी सिसिएमसिलाई बुझाउनुपर्ने छ ।

Source: https://www.mofaga.gov.np/news-notice/2423

बाहिरी जिल्लाबाट
काठमाण्डौ उपत्यका जाने
सार्वजनिक यातायात पनि चल्न पाउने
रे । अब सर्वसाधारण निर्धक्क
काठमाण्डौ जान पाउने हो ?

अत्यावश्यक काम विषेशले काठमाण्डौ उपत्यका प्रवेश गर्ने सार्वजनिक तथा निजी सवारी साधनले मात्र अनुमती पाउने छन् । यसका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको स्वीकृति अनिवार्य चाहिन्छ । यसको मतलब सहजै सबै यातायातका साधनले काठमाण्डौ उपत्यका प्रवेश पाउने छैनन् ।

Source: https://cutt.ly/gml3tjX

# कोभिड - १९ को समयमा पारिश्रमिकमा कटौती

## पारिश्रमिक नपाएको आक्रोशमा आन्दोलित शिक्षकहरु




*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

कोभिड - १९ को समयमा शिक्षकले पूर्ण वा आंशिक रुपमा पारिश्रमिक नपाएको आवाज २०२० को जुलाई महिनामै उठेको थियो । शिक्षक, प्राध्यापक र अन्य शैक्षिक संस्थासँग आवद्ध कर्मचारीहरु पारिश्रमिक नपाएको भनेर आफ्ना आवाज उठाउन सडकमा उत्रिएका थिए । केही समाचारहरुमा शैक्षिक संस्थाहरुले प्रत्यक्ष वा सहयोगको बहानामा विधार्थीबाट शुल्क असुली गरेको भनेर अभिभावकले विरोध जनाएको कुरा पनि आएको थियो । यसले जनमानसमा नकारात्मक सन्देश गएको छ । यो अवधीमा सबै शैक्षिक संस्थाहरु बन्द थिए भने, केहीले अनलाईन माध्यमबाट कक्षा सञ्चालन गरेका थिए । त्यसैले पनि खर्च घटेको थियो । विश्व महामारीको समयमा अझै शैक्षिक संस्था सुचारु  हुनु जरुरी छ । त्यसका लागि शिक्षकलाई उचित पारिश्रमिकको व्यवस्था गर्नु जरुरी छ । सरकारले सरकारी विद्यालयमात्र नभएर निजी शैक्षिक संस्था लाई पनि विधार्थी र कर्मचारी प्रति जवाफदेही बनाउन नियमित अनुगमन गर्न जरुरी छ ।

Source: https://nepalmonitor.org/

# श्रमिक साथी

Shramik Sanjal

## वैदेशिक रोजगार विभाग अब सार्वजानिक बिदा बाहेक हरेक दिन खुल्ने

वैदेशिक रोजगार विभागको कार्यलय ताहचल अब सार्वजानिक बिदा बाहेक हरेक दिन खुल्ने भएको छ । तर, हाललाई बायोमेट्रिक नभएकाहरुले मात्र सेवा लिन पाउने छन् । सिस्टममा बायोमेट्रिक भएकाहरुले भने अनलाईनबाटै पून: श्रम स्वीकृति लिन सक्ने छन् ।

### यूएई:

- स्वास्थ्य मन्त्रालयले इमर्जेन्सी प्रयोगका लागि मोडर्ना खोपलाई अनुमती दिएको छ । यो सहित अब जम्मा ५ वटा खोप स्वीकृत भएका छन्।




- यूएईमा ७२.१ % वासिन्दाले कोभिड बिरुद्धको दुबै मात्रा खोप लगाएका छन्, जुन संसारकै बढी खोप लगाउने देशमा पर्दछ ।
- अर्को जानकारी नआउँदा सम्मको लागि यूएई र साउदी अरब बिचको उडान स्थगित गरिएको छ ।

### कुवेत:

- कर्मचारीमा कोभिड संक्रमण भएपछि आईतवारबाट अर्को सूचना नआए सम्म नेपाली दुतावास बन्द रहने छ। अत्यावश्यक सेवाका लागि हटलाइन नम्बर: ९८८६९१२१ मा सम्पर्क गर्न सकिने छ ।
- कुवेतमा "My Identity" नाम गरेको नयाँ मोबाईल एप्लिकेसन सञ्चालनमा आएको छ । यो मोवाईल एप्लिकेसनबाट आफ्नो सिभिल आईडी, कोभिड भ्याक्सिनको विवरण लगायत अन्य केही सरकारी सुविधाहरुसमेत लिन सकिने छ ।
- हरेक मंगलबार र बिहिबार कुवेतबाट नेपालका लागि जजिरा एयरको २ वटा उडान हुनेछन् । नेपालबाट कुवेत जान भने अगस्ट १ सम्म कुर्नुपर्ने छ । त्यसका लागि कुवेतले अनुमती दिएका खोपको कम्तिमा एक मात्रा लगाएको हुनुपर्ने छ । तर घरेलु कामदारले भने श्रम स्विकृती लिएर खोप नलगाएको अवस्थामा पनि PCR Negative भएकै भरमा जान पाउने छन् ।

### कतार:

कतार रेलले जुलाई ९ देखि अगष्ट १३ को बिचमा पर्ने हरेक शुक्रबार र जुलाई २१ देखि जुलाई २४ सम्म मेट्रो बन्द रहने जानकारी गराएको छ ।



www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

## असावधानीका कारण कसैले पनि आफ्नो प्रिय मान्छे गुमाउनु नपरोस्

नेपालगञ्जकी तारा रोकाया लामो समय देखी सामाजिक सेवामा सकृय व्यक्तित्व हुन् । कोरोनाको पहिलो लहरमा अप्रत्यासित रुपमा नेपालगञ्ज आक्रन्त भयो । सबैजसो मानिस घरभित्रै बन्दि जस्तै बने । कसैलाई संक्रमणको त्रास थियो भने, कसैलाई साँझबिहान के खाने भन्ने चिन्ता । तारा रोकाया यसबेला पनि स्वास्थ्य सामाग्री जुटाउने र गरिब बिपन्नलाई खाद्य सामाग्री जुटाउनमै व्यस्त थिईन् । संक्रमणको डर त उनलाई पनि थियो, तर आफु संक्रमणबाट कसरी जोगिने भन्ने चिन्ता भन्दा पनि समाजलाई कसरी जोगाउने भन्ने चिन्ता उनलाई थियो । जे भए पनि पहिलो लहरमा उनी सुरक्षित नै रहिन् ।

फेरी कोरोनाको दोस्रो लहर आयो । बाँके फेरी हटस्पट बन्यो । यसपटक अवस्था पहिले भन्दा भयावह थियो । जताततै स्वास्थ्य सामाग्रीको अभाव थियो । त्यहाँ आवश्यक स्वास्थ्य सामाग्रीको पूर्ति गर्न रोकाया रातदिन लागिपरेकी थिईन् ।

> **घरमा उनका दुई छोरा र श्रीमानले यस्तो अवस्थामा बाहिर निस्कनु हुँदैन भनेर सम्झाउने गर्दथे । तर, स्वास्थ्य क्षेत्रमा परेका चरम अभावलाई उनले हेरेर बस्न सकिनन् । अरुको लागि दौडिदै गर्दा उनी र उनका श्रीमानमा कोभिड - १९ को संक्रमण देखा पर्‍यो ।**





उनका ६० वर्षिय श्रीमानको अवस्था अलि बिग्रीदै गएपछि अस्पताल भर्ना गर्नुपर्ने भयो । उनका श्रीमानलाई राखिएको भेरी अस्पतालमा, “पल्लो बेडको बिरामी त गयो रे, फलानो को अवस्था जटिल छ रे, फलानाको त अस्पताल नपुग्दै ज्यान गयो रे ।” यस्तै यस्तै खबर मात्र सुनिन्थे । यो सुन्दा ताराको मन पनि अतालिन्थ्यो । स्वास्थ्यकर्मीले पनि प्रयास नगरेका होईनन् तर, अन्ततः कोराना महामारीमा अरुका लागि रातदिन खटिने ताराले कोरानाकै कारण श्रीमान गुमाईन् ।

समाज पीडामा हुँदा सहन नसक्ने ताराले श्रीमान गुमाएको दःख कसरी सहन्छिन् ? त्यसको जवाफ उनिसँग मात्र होला । बिस्तारै आफ्नो व्यक्तिगत पीडा भुल्दै समाज सेवामै फर्किरहेकी तारा अवश्य पनि वास्तविक समाजसेवा गर्नेहरुकी आदर्श अनी प्रेरणा हुन् । अहिले उनी सबैलाई असावधानीका कारण कसैले पनि आफ्नो प्रिय मान्छे गुमाउनु नपरोस भन्ने शन्देश बाँडीरहेकीछिन् ।

# भोइसेस आउट लाउड - मेरो कुरा

पहिलो लहरको कोभिड महामारिको अवस्था सामान्य हुँदै गएपछि, फेरि यसरि दोस्रो लहर फर्केर आउँछ भनेर हामीले कल्पना पनि गरेका थिएनौं । जब कोभिडको दोस्रो लहर आयो, हामी अस्पतालमा काम गर्ने सबै कोभिड संक्रमित हुन्छौ र कोहि बाँच्दैनौ होला भन्ने सोचेका थियौं, तर हामीले मनोबल उच्च राख्दै आफ्नो ज्यानलाई जोखिममा राखेर बिरामीको सेवामा खटियौं । उपचार गर्दागर्दै पनि कति बिरामीलाई हामीले गुमाउनु पऱ्यो, सहकर्मिका परिवारका सदस्य र आफन्त गुमाउनु पऱ्यो । अहिले नेपालगञ्जमा फेरी स्थिती अलि सामान्य भएको छ, तर आम नागरिकले सावधानी अपनाउन छोडेजस्तो देखिन्छ । आफ्नै गल्तिले तेस्रो लहर निम्त्यायौं भने अवस्था दोस्रो लहर भन्दा भयावह हुनसक्छ ।

**उर्मिला जोशी, स्टाफ नर्स**

आइसोलेशन वार्ड,
भेरी अस्पताल, बाँके





**सबनम खातुन**

स्टाफ नर्स,
जलेश्वर अस्पताल, महोत्तरी

म कोभिड - १९ का बिरामीको सेवामा खटिएको दुई महिनामात्र भयो । म आउँदा अस्पतालमा ९ जना कोभिड संक्रमित बिरामी थिए । मैले पहिलो पटक पीपीई कसरी लगाउने, संक्रमितलाई हेरचाह कसरी गर्ने भन्ने साना साना कुराहरु पनि यही आएर सिकेँ । पहिलो पटक कोभिड - १९ का संक्रमितलाई हेरचाह र नर्सिङ सेवा प्रदान गर्न पाउँदा डरसँगै मनमा एक किसिमको गर्व पनि महसुस भएको छ । संक्रमितहरु हामीप्रति सकरात्मक रहेपनि, संक्रमितका आफन्तहरुले कहिलेकाही यो गर्नुहोस्, त्यो गर्नुहोस् भनेर दबाब दिँदा भने काम गर्न अप्ठेरो हुने रहेछ ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

### DISCLAIMER

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*


### REACH OUT TO US ON

@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219